# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जिरी, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८०/०८१

चलानी नं.

मितिः २०८१।०३।२५

सूचना नं. २०८०/०८१-०३

सपिङ्ग कम्प्लेक्स (व्यवसायिक भवन) भाडामा लगाउने सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१।०३।२५**

यस नगरपालिकाबाट निर्माण भएको जिरी नगरपालिका वडा नं. ५ लिङ्कन बजार स्थित सपिङ्ग कम्प्लेक्स देहाय बमोजिमको सर्तहरुको अधिनमा रही भाडामा लगाउनु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी, संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिको ३० औँ दिनको १२:०० बजे भित्र (उक्त दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिनको १२:०० बजे) रित पूर्वक शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. प्रस्तावपत्र पेश गर्दा यो सूचना बमोजिमको म्याद भित्र फर्म, कम्पनी, संघ संस्थाको दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभवृद्धि कर दर्ता प्रमाण पत्र / स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०७९/०८० को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि र प्रस्ताव पत्रमा तोकिए बमोजिम प्रस्ताव फारम दस्तुर ( रकम फिर्ता नहुने) वापतको रकम यस कार्यालयको नाममा प्राईम कमर्सियल बैंक जिरी शाखामा रहेको खाता नं. ००८०१०००००००४४००१७३ मा जम्मा गरी सो को भौचर प्रस्ताव पेश साथ संलग्न गर्नु पर्ने छ।

२. प्रस्ताव पत्र पेश गर्दा सम्पूर्ण विल्डिङ्ग, कुनै सटर वा तला भाडामा लिने गरी प्रस्ताव पेश गर्न सकिने छ।

३. प्रस्तावदाताले प्रस्तावका साथमा आफुले भाडामा लिन कबोल गरेको रकमको ३ (तिन) प्रतिशतले हुन आउने रकम प्रस्ताव जमानत वापत "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पत्रको सक्कल प्रति संलग्न गर्नुपर्नेछ।

४. दर्ता हुन आएका प्रस्तावहरू प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे प्रस्तावदाताहरू वा निजको प्रतिनिधिहरूको रोहोवरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि प्रस्ताव पत्र खोल्न बाँधा पर्ने छैन।

५. प्रस्ताव पत्रमा आफुले कवोल गर्ने रकम (BOQ) मा अंक र अक्षरमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. रित पूर्वक पेश भएका प्रस्ताव मध्ये सबै भदा बढी रकम कबोल गर्ने प्रस्ताव दाताको प्रस्ताव स्वीकृतिको लागि छनौट गरिनेछ। न्यूनतम दररेट भन्दा घटी कबोल गरेको अवस्थामा प्रस्ताव स्वीकृत गरिने छैन।

७. प्रस्ताव पत्र सम्पूर्ण रुपमा स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका वा म्याद नाघि पेश भएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

८. प्रस्ताव पत्र सम्बन्धी अन्य सर्तहरू प्रस्ताव पत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

९. प्रस्ताव सम्बन्धी फारम यस कार्यालयको वेवसाईट www.jirimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

१०. प्रस्ताव पत्र सम्बन्धी अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

११. विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

२०८१।३।२५

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत